पाना - १

# लक्ष्मीपुर पतारी गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

लक्ष्मीपुर पतारी, सिरहा
२ नं. प्रदेश, नेपाल
फोन नं. ९८४२८३२८१५, ईमेल: laxmipurpatari@gmail.com

प. सं. : २०७५/७६
चलानी नं. : ...६४...

मिति : २०७५।०५।१५

# सूचना! सूचना!! सूचना!!!

प्रथम पटक प्रकाशित मिति २०७५।०५।१५

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाका वडा नं. ६ सितापुर प्र.ध. क्षेत्र भित्र रहेका तपसिलका सार्वजनिक ऐलानी पोखरीहरुलाई ठेक्कापट्टा माध्यमबाट ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुँदा गाउँसभाले तय गरेको न्यूनतम् ठेक्का रकम कायम गरी डाक बढाबढ प्रक्रियाबाट तपसिलका शर्तानुसार ठेक्का लगाउने भएकोले ईच्छुक व्यक्ति/फर्म तपसिलका मिति समय स्थानमा उपस्थित भई डाँक बढाबढ प्रक्रियामा भाग लिन सर्वसाधारण समेतलाई जानकारीको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

<u>तपसिल:</u>

१. डाँक बढाबढ प्रक्रियामा भाग लिने इच्छुक फर्म भए फर्म दर्ता प्रमाणपत्र (नवीकरण भएको), प्यान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र सहित उपस्थित हुनु पर्नेछ ।

२. फौजदारी अभियोगमा कसुरदार ठहरेका व्यक्ति, सरकारी रकम हिनाभिना गरेका/बाँकी राखेका व्यक्ति वा कालो सूचीमा परेका फर्म/व्यक्तिले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

३. डाँक बोल्दा एक पटकमा ५००० देखी १०००० भन्दा बढी बोल्न पाउने छैन ।

४. डाँक बढाबढ हुने स्थानमा बाहेक अन्य कुनै स्थानमा वा फोन मार्फत बोलेको कुनै पनि डाँक उपर ठेक्का कार्यवाही गरिने छैन ।

५. ठेक्का अवधि ३ वर्षको हुने छ ।

६. डाँक बोल्ने व्यक्ति नेपाली नागरिक भए कबोल गरेको अंकको ५% र गैर नेपाली नगरीक भए १०% रकम सोही दिन धरौटी वापत जम्मा गर्नु पर्ने छ ।

७. चलन पुर्जि डाँक साकारको ७ दिन भित्र चलन पुर्जि लिनु पर्नेछ म्याद भित्र चलन पुर्जि लिन नआएमा धरौटी रकम जफत हुनेछ र क्रमशः दोस्रो वा तेस्रो प्राथमिकतामा रहेको व्यक्ति वा फर्म सँग सम्झौता गर्न सक्ने छ ।

०७५।५।१५
राम बल्लभ साह
गाउँ पालिका अध्यक्ष

Scanned by CamScanner

# लक्ष्मीपुर पतारी गाँउपालिका

## गाँउ कार्यपालिकाको कार्यालय

लक्ष्मीपुर पतारी, सिरहा
२ नं. प्रदेश, नेपाल

प. सं. : २०७५/७६ फोन नं. ९८५२८३२६१५, ईमेल: laxmipurpatari@gmail.com

चलानी नं. : .............. मिति : ..........................

८. चलन पुर्जि जारी गर्दा वार्षिक किस्ताको सम्पूर्ण रकम अग्रिम रुपमा नगदै डाँक बोलाउने कार्यालय वा अधिकारी सम्क्ष जम्मा गरी नगदी रसिद लिनु पर्ने छ ।

९. ठेक्का अवधि भरीका सम्पूर्ण रकम एकमुष्ट बुझाएमा डाँक अंकको १०% छुट उपलव्ध गराईने छ ।

१०.ठेक्का सम्बन्धि कुनै विवाद भएमा गा.पा. अध्यक्षको निर्णय अन्तिम निर्णय हुनेछ ।

११.यसमा उल्लेख भएका शर्तहरु बाहेक अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

| क्र.सं. | पोखरीको नाम | वडा नं | कि.नं./क्षेत्रफल | ३ वषर्को न्युनतम् अंक (रकम) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सलोखरी पोखरी | ६ | | २४००००।- | |
| २ | चौधरी टोल पोखरी कल्याणपुर | ६ | | १२००००।- | |
| ३ | चमारटोल पोखरी कल्याणपुर | ६ | | १५००००।- | |
| ४ | डबरा कल्याणपुर | ६ | | ६००००।- | |
| ५ | सितापुर बजारको पोखरी | ६ | | ३०००००।- | |
| ६ | पटवारी पोखरी | ६ | | १६५०००।- | |
| ७ | सावीक वडा नं. ७ को पोखरी | ६ | | १५००००।- | |

राम बल्लभ सिंह
गाउँ पालिका अध्यक्ष

- डाक बढाबढ हुने मितिः- २०७५।०५।२२ गते शुक्रबार
- स्थानः- गाउँपालिकाको कार्यालय लक्ष्मीपुर पतारी, सिरहा ।
- समयः दिनको १०:३० बजे ।

Scanned by CamScanner